# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५४५ फाल्गुण २०५८ वर्ष १८ अङ्क ११

## धम्मवाणी

*दुग्गाहदिट्ठिभुजगेन सुदट्ठ - हत्थं,*
*ब्रह्म विसुद्धिजुतिमिद्धि बकाभिधानं ।*
*ञाणागदेन विधिना जितवा मुनिन्दो,*
*तं तेजसा भवतु ते जयमङ्गलानि ॥८*
*जयमङ्गलगाथा -८*

**मिथ्यादृष्टि रूपी भयानक सर्पले डसेका, शुद्ध ज्योतिर्मय ऋद्धि-सम्पन्न एकजना ब्रह्मालाई मुनीन्द्र भगवानले आफ्नो ज्ञानको वाणी द्वारा जित्नु भयो, उनको तेज प्रतापको कारण तिम्रो जय होस् ।**

***भगवान देवता तथा मनुष्यका शास्ता हुनुहुन्थ्यो- भगवानको सम्पर्कमा आएर आफ्नो कल्याण गरेका केहि उदाहरणीय ब्यक्तित्वहरू***

### राजा भद्दिय

सम्यक सम्बोधि प्राप्त गर्नु भएपछि भगवान कपिलवस्तु जानु भई धर्म देशना गर्नु भयो जसबाट महाराजा शुद्धोधन, महारानी प्रजापती, कुमार राहुल, राहुल-माता यशोधरा, राजा दंडपाणि सहित शाक्य तथा कोलिय परिवारका धेरै सदस्यहरूको कल्याण भयो । धेरै जना प्रबजित भए । भगवान बुद्धका काकाका छोरा अनुरुद्ध पनि प्रवजित हुनको लागि आतुर थिए । तर ज्यादै कलिलो उमेर भएको कारण उनको आमाले रोकी राखे । तर उनले जिद्दीगरिरहे, उनको जिद्दी टाल्न नसकिए पछि एक शर्त राखेर आमाले अनुमति दिए । अनुरुद्धका अत्यन्त मिल्ने साथि शाक्य राजा भद्दिय प्रवजित भयो भने अनुरुद्ध पनि हुनसक्ने भयो । शाक्यहरूको जनतंत्रीय शासन थियो । जनतंत्रीय संसदका सबै सदस्यलाई राजा भनिन्थ्यो । प्रत्येक राजाका जिम्मामा कुनै न कुनै शासन विभागको दायित्व हुन्थ्यो । भद्दिय त्यस समय जनतन्त्रको जिम्मेदार राजा थिए । भद्दिय यस जिम्मालाई छोडेर प्रवजित हुन सक्दैन भन्ने अनुरुद्धको आमाले सोचेकी थिइन तर अनुरुद्धले भद्दियलाई वचन बद्ध गरेर प्रबजित हुनको लागि बाध्य तुल्याए । राजा भद्दियका साथमा अनुरुद्ध, आनन्द, भृगु, किम्मिल र देवदत्त भगवानको सामू प्रबजित भए । भगवानको निर्देशनमा साधनाको अभ्यास गरीरहे, राजा भद्दियले सबभन्दा पहिला अरहंत अवस्था प्राप्त गरे । त्यस परम सुखको अवस्था अनुभव गरेपछि उनको मुखबाट सुखद् उद्गार निस्कियो **अहो सुखं, अहो सुखं ।**

अन्य भिक्षुहरूले सोचे कि भद्दिय बचन बद्ध भएको कारण मात्र प्रबजित भएका थिए आफ्नो इच्छाले भएको थिएन अत: आफ्नो जीवनको राजसी सुखलाई सम्झेर यस्तो उद्गार ब्यक्त गरिरहेको होला । भगवानले अन्य भिक्षुहरूको भ्रम हटाउनको लागि भद्दियलाई बोलाए र उनको उद्गारको कारण सोधे । भद्दियले स्पष्ट गर्दै भने जब कोहि ब्यक्ति राजाको पदमा हुन्छ तब उनको सुरक्षाको लागि कडा प्रवन्ध हुन्छ । महलको भित्र र बाहिर, नगरको भित्र-बाहिर, जनपदको भित्र बाहिर सुरक्षाको ब्यवस्था हुन्छ । यी सबै ब्यवस्था भएता पनि राजाको ज्यानको खतरा भइ नै रहन्छ । यस्को उल्लेख गर्दै भद्दियले भने यी पहरेहरूका बीच सदैब रहेर पनि म संधै आफूलाई असुरक्षित, भयभीत थान्थें । अब म एक्लै जंगलमा (अरण्यमा) रहन्छु, रुखको मुनी बसेर साधना गर्छु, शून्यागारमा रहन्छु तर पनि म निर्भिक छु, अशंक र अशंत्रस्त छु र अरुले दिएको दानमा सन्तुष्ट रहेर विहार गर्दछु । यसलाई देखेर नै मेरो मुखबाट यस उदानको वाक्य निस्क्यो **अहो सुखं, अहो सुखं ।** (उदा. २०, भद्दियसुत्र)

राजा भद्दिय भगवानको शरणमा आएर अत्यन्त फलदायी भए । देवदत्त बाहेक अन्य सबैले आफ्नो कल्याण साधे ।

### बोधि राजकुमार

कौशाम्बीका बोधि राजकुमार भगवानको प्रति अत्यंत श्रद्धालु थिए । उनले एउटा नयाँ घर बनाएका थिए । गृह प्रवेशको अवसर मा उनले संघ सहित भगवानलाई भोजनको लागि आमन्त्रित गरे । भगवान समयमा नै संघ सहित त्यहाँ आइपुग्नु भयो । बोधि राजकुमार भगवानलाई स्वागत गर्न घरको बाहिर उभिरहेका थिए । भगवान त्यहाँ आईपुगे पछि महलको भऱ्याङ्ग चढ्नकोलागि निवेदन गरे । भगवानको सन्मानमा उनले सेतो बस्त्र बिच्छाएको थियो । भगवानले त्यस बस्त्रमा टेक्नु भएन । आनन्दले बोधि राजकुमारलाई भने कि यी बस्त्र उठाउनु, भगवान यी बस्त्रमा टेक्नु हुन्न । भावी जनता प्रति भगवान अनुकम्पा गरिरहनु भएको छ ।

भगवान यस्तो कुनै गलत परम्परा स्थापित गर्न चाहनु हुन्न थियो । जसबाट पछिका आचार्यहरू बस्त्रमा चल्ने परिपाटी हुनजान्छ र भक्तजनहरूले यस्तो अशोभनीय बोझ उठाउन नपरोस् ।



Downloaded from http://www.dhamma.digital

भोजन पछि भगवानले धर्मदेशना गर्नु भयो। भगवानले बोधि राजकुमारको प्रश्नको उत्तर दिंदै भन्नुभयो, यदि कोही योग्य पात्र छ भने भगवानले बताए अनुसार ठीक तरीकाले अभ्यास गऱ्यो भने विहान साधना सिकेको व्यक्ति साँझ सम्ममा र साँझ साधना सिक्नेले भोलि पल्ट विहान सम्ममा मुक्त अवस्था प्राप्त गर्न सक्छ। यस्तो सुनेर बोधि राजकुमारले हर्ष पूर्वक भन्यो– **अहो बुद्धो, अहो धम्मो, अहो धम्मस्स स्वाक्खातता** ! - अहो बुद्ध, अहो धर्म, अहो धर्मको सुआख्यान ।

बोधि राजकुमारले बताउँदै गए कि "जब म गर्भमा थिएँ तब मेरो आमाले भगवानलाई नमस्कार गर्दै भनेको थियो कि मेरो कोखमा जुन शिशु पलिरहेको छ ऊ भगवानको शरणमा जान्छ। उसलाई पनि भगवानको शरणागत उपासक स्वीकार गर्नुहोस्। एक पटक फेरी मेरो जन्म पछि धाई आमाले मलाई लिएर भगवान समक्ष नमस्कार गर्दै भगवान समक्ष भनेछ– भन्ते यो बोधि कुमार भगवानको, धर्मको र संघको शरण जान्छ, यसलाई कृपया शरणागत उपासक स्विकार गर्नुहोस्। भगवान, आज म तेस्रो पटक भगवानको, धर्मको र संघको शरण जान्छु। आज देखि मलाई जीवन-पर्यंत शरणागत उपासक स्वीकार गर्नुहोस्।"

## सिंह सेनापति

अन्य गणराज्यहरूको भैं लिच्छवीहरूको गणराज्यमा पनि राज्य संसदका सदस्य शासनको जिम्मा निभाउँदथ्यो र उनीहरूलाई त्यही अनुसार अधिकार प्राप्त थियो। प्रत्येक सदस्यलाई कुनै न कुनै जिम्मा दिएको हुन्थ्यो। ती मध्ये सबभन्दा ठूलो जिम्मा सेनापतिको हुन्थ्यो, सेनापति नै राज्यको प्रधानमन्त्री पनि हुन्थे र उस्को जिम्मा अनुसारको उसको अधिकार पनि हुन्थ्यो।

त्यस समयको लिच्छविहरूको सेनापति र प्रधानमन्त्री पदमा सिंह नामको व्यक्ति थियो। राज्य र जनता उनी प्रति खुब प्रभावित थिए। पटक-पटक लिच्छवी सरदारहरू भगवानको धर्मबाट प्रभावित भएर धर्म सिक्न आएका थिए। ती मध्ये प्रमखु व्यक्तिहरूमा महालि, महानाम, भद्दिय, साल्ह, अभय, पंडित कुमार, दुर्मुख, महामात्य नंदक आदि थिए।

यी बाहेक अनेक लिच्छवी पुरुष तथा नारीहरू भगवानको सम्पर्कमा आएर प्रबजित भए।

सेनापति सिंहको भगवानसंग भिन्दै प्रकारले सम्पर्क भएको थियो। सिंहको पूर्व आचार्यलाई संधै भय थियो कि सिंहजस्तो महत्वपूर्ण व्यक्तित्व कहीं अन्यको लै लैमा लागेर आफूबाट अलग नहोस्। त्यस समय विरोधीहरूले भगवानको निन्दा गरेर खूब प्रचार गरिरहेका थिए कि भगवान मायाबी छ, मन्त्रणा गरेर मानिसहरूलाई आफू तिर आकर्षित गरिरहेका छन्, आदि-आदि। अर्को तर्फ भगवानको प्रसिद्धि पनि फैलिएको थियो कि भगवान परम परिशुद्ध धर्मको शिक्षा दिनुहुन्छ, उनलाई साम्प्रदायिक समूह बनाउने कुनै शौक छैन, लोक कल्याण नै उनको शिक्षाको एक मात्र उद्देश्य हो। सिंह सेनापतिले अन्य लिच्छवी सरदारहरूको मार्फत तथा भिक्षु भिक्षुणीहरू द्वारा भगवानको शिक्षाको बारेमा सुनेका थिए। त्यसैले सिंह सेनापति भगवानसंग भेट्न इच्छुक थिए। परन्तु उनको पूर्व आचार्यले पटक पटक उनलाई रोकिराखेका थिए कि गौतम कुनै धार्मिक क्रियालाई मान्दैन अक्रियावादी छ त्यसको विरोधी छ तिमी भने कर्मलाई मान्ने, त्यस्को सिद्धान्तलाई मान्ने आस्तिक व्यक्ति, तिमी नास्तिक गुरुकहाँ कदापी जानु उचित हुँदैन।

यसै कारण सेनापतिले आफ्नो इच्छालाई रोकिराखे। तर एक पटक असह्य भयो र भगवानलाई भेट्न गए। भगवानलाई भेटेर नमस्कार गरे र यही प्रश्न गरे कि के भगवान अक्रियावादी हुनुहुन्छ ? भगवानले उत्तर दिनुभयो- हो, म अक्रियावादी छुँ।

सिंह, यस्तो उत्तर सुनेर आश्चर्य भए। भगवानले स्पष्ट पार्नु भयो कि कायिक, वाचिक तथा मानसिक दुष्कर्मको प्रति अक्रियावादी छुँ अर्थात त्यसलाई पालन नगर्ने उपदेश दिन्छु। भगवानले भन्नुभयो म क्रियावादी पनि हुँ। कायिक, वाचिक तथा मानसिक सत्कर्मको प्रति क्रियावादी हुँ। त्यसलाई पालन गर्ने उपदेश दिन्छु।

भगवानले गर्नु योग्य काम र गर्नु नहुने कामको बारेमा बताउनु भयो। सिंह सेनापति भगवानको आदेश सुनेर पूर्ण आश्वस्त भए। भगवान प्रतिको संदेह हट्यो। उनको प्रति श्रद्धा जाग्यो र भन्न थाल्यो-

धन्य छ भगवानको वचन, धन्य छ भगवानको कथन। आजदेखि मलाई जीवन-पर्यन्त शरणागत उपासक स्वीकार गर्नुहोस्।

भगवानलाई कुनै सम्प्रदाय खडा गर्नु थिएन। कसैलाई साम्प्रदायिक घेरामा बन्द गरेर राख्नु उहाँको शिक्षाको उद्देश्य थिएन। जब समाजका कोही विशिष्ट व्यक्तिले शरण ग्रहण गऱ्यो भने उसलाई सतर्क भएर पून: विचार गर्ने परामर्श दिनुहुन्थ्यो जस्तो भगवानले उपालिलाई दिएका थिए। भगवानले सिंह सेनापतिलाई पनि त्यस्तै भन्नुभयो कि, "तिमी जस्तो प्रसिद्ध व्यक्तिले धेरै सोचेर-बुझेर मात्रै यस्तो निर्णय लिनु पर्छ। भगवानको स्वच्छ हृदय देखेर सिंह सेनापति चकित भए। अन्य कुनै साम्प्रदायिक आचार्यहरू भएको भए लिच्छविहरूका सरदार आफ्नो शरणमा आएको देखेर गदगद् हुन्थे। सारा शहरमा विजयको झण्डा फैलाउँथे। परन्तु यो शुद्ध धर्मको आचार्य यस्तो असंग, अनासक्त। भगवान प्रति सेनापतिको श्रद्धा दुई गुणा बढ्यो, र शरणागत हुने पुन: घोषणा गरे।

भगवानले पुन: भन्नुभयो कि तिम्रा पूर्व आचार्य र त्यस सम्प्रदायका साधुहरूका निमित्त लामो समयसम्मका लागि तिमी खानाको भाँडोको रुपमा थियौ कहीं यस्तो नहोस् कि तिनीहरूलाई दिने दक्षिणामा कमी नहोस्।



Downloaded from http://www.dhamma.digital

भगवानको यस कथनले सिंहको मनमा झन धेरै श्रद्धा जाग्यो । उसले भगवानको बारेमा गलत सुनिरहेको थियो कि उहाँ त केवल आफ्ना भिक्षुहरूलाई मात्र दान दिने उपदेश दिनु हुन्छ । अरुलाई दान नदिन भन्नु हुन्छ। भगवानको प्रति फैलाएको यस मिथ्या आरोपको पनि स्पष्टिकरण भयो ।

## विशाखा

मगधराजको अधीनमा अंग देश थियो । अंग देशको प्रमुख शहर भद्दिय थियो। भद्दिय शहरका श्रेष्ठि मिण्डकका नातीनी विशाखा थिईन् ।

विशाखा सातबर्षकी हुँदा भगवान भद्दिय शहरमा जानु भएको थियो । मिंडकका सारा परिवार भगवान प्रति श्रद्धा राख्दथे । सातवर्ष की विशाखाले आफ्ना पाँच सय साथीहरूको प्रतिनिधित्व गर्दै भगवानको धर्म उपदेश सुन्न गईन्। भगवानको धर्म-उपदेश सुन्दै सुन्दै सात बर्षकी बालिकाले, यति कलिलो उमेरमा श्रोतापन्न अवस्था प्राप्त गरीन्। पूर्व जन्मको अधिक पूण्य पारमिताको थूप्रै संग्रह थियो। एक पूर्व जन्ममा भगवान काश्यप सम्यक सम्बुद्धका सात बहिनीहरू मध्ये विशाखा एक जना थिईन्। त्यस जन्ममा उनले अनेक पूण्य कार्यगर्नुका साथै गम्भीर साधनाको अभ्यास पनि गरेकी थिईन् ।

मगधराज बिम्बिसारको अधिनमा पाँचजना धन-कुबेरहरू थिए-मिंडक, जोतिय, जटिल, पुन्नक र काकवलिय । कुनै राज्यमा एकजना धन-कुबेर मात्र भए पनि राज्यको आय वृद्धि हुनुका साथै देशको शोभा पनि हुन्थ्यो । कोशलका अनाथपिण्डक जस्ता धनवान व्यक्ति पनि यी धन-कुबेर समान थिएन। कोशलका राजा प्रसेनजितले मगधराजा बिम्बिसारको बहीनी र बिम्बिसारले प्रसेनजितका बहिनी विवाह गरेका थिए। दुबै राजाहरूमा पारस्परिक स्नेह थियो। एकपटक प्रसेनजितले बिम्बिसार समक्ष उनको पाँचजना धन-कुवेरहरू मध्ये एकजनालाई श्रावस्तीमा बसोबास गराउन आग्रह गरेका थिए । परन्तु ती मध्ये कसैले पनि आफ्नो थलो छोडेर श्रावस्तीमा रहने इच्छा गरेनन् । यस मामलामा बिम्बिसारले उनीहरू माथि डवाब दिन सक्दैनथे । धेरै भन-सुन गरे पछि श्रेष्ठि मिण्डकका जेठा छोरा, विशाखाका पिता धनंजय आफ्ना परिवार सहित कोशल देशमा बस्न राजी भए ।

धनंजय आफ्नो परिवार सहित कोशल देशको राजधानी श्रावस्तीमा त बसेनन, श्रावस्ती भन्दा सात योजन टाढा साकेत नामक स्थानमा बस्न थाले । ब्यापारको लागि त्यो ठाउँ अत्यन्त अनुकूल थियो । विशाखा पनि आफ्नो पिता संगै साकेतमा रहन थालीन् ।

त्यहीं बस्दै विशाखाको विवाह श्रावस्तीका श्रेष्ठि मिगारका छोरा पूण्यवर्धन संग भयो । विवाह पछि श्रावस्तीमा नै बस्न थालिन, त्यहाँबाट भगवान संग सम्पर्क राख्नु झन सजिलो भयो। त्यस समय श्रावस्तीमा अनाथपिण्डिकको जेतवन विहार स्थापित भईसकेको थियो । भगवान अक्सर गरेर बर्षावास त्यहीं विताउनु हुन्थ्यो ।

विशाखाका ससूरा अन्य कोही आचार्यका शिष्य थिए। शुरुमा त विशाखालाई निक्कै समस्या परेको थियो। तर पछि परवारका सम्पूर्ण सदस्यहरूलाई भगवानको शरणमा ल्याउन सफल भईन्। ससुरा मिगार भगवानको सम्पर्कमा आए पछि श्रोतापन्न भए। मिगार, विशाखा प्रति अत्यन्त कृतज्ञ र प्रभावित थिए, उनले बुहारीलाई आफ्नो आमा झैं सन्मान गर्दथे, यसै कारण विशाखा पछि मिगारमाताको नामले प्रसिद्ध भईन्। पछि विशाखाले जन्माएको एकजना पुत्रको नाम पनि मिगार नै राखे जसबाट उनको यो नाम झन सार्थक हुनगयो ।

श्रावस्तीको पश्चिममा अनाथपिण्डिकले जेतवन विहार बनाएर भिक्षु संघ सहित भगवानलाई दान दिए । विशाखाले पनि पूर्वमा विशाल पूर्वाराम विहार बनाएर दान दिईन् ।

दान दिने उपासकहरू मध्ये अनाथपिण्डिकलाई भगवानले अग्रको उपाधि दिनुभएझैं विशाखालाई पनि उपासिकाहरू मध्येमा अग्रको उपाधि दिनुभएको थियो ।

(साभार : त्रिपिटकमें सम्यक सम्बुद्ध)

## धर्मश्रृङ्गमा आगामी महिनामा सञ्चालन हुने शिविर कार्यक्रम

१. निम्न कार्यक्रमहरू मध्ये आफूलाई अनुकूल शिविरमा सम्मिलित हुनु पूर्व कृपया आचार संहिता पढ्नुहोस्। कमसेकम दुई हप्ता अगाडि आवेदन-पत्र भरेर व्यवस्थापनामा सम्पर्क राख्नुहोस् ।

२. शिविरको आरम्भ शुरुदिनको साँझ हुनेछ र समाप्त अन्तिम दिनको बिहान करीब सात बजे हुनेछ। शिविरार्थीहरूलाई शिविर हुने दिनमा नै शिविर स्थलमा आउनु हुन अनुरोध छ ।

३. शिविरमा आउँदा आफ्नो साथमा टर्च, तन्ना, ओड्ने (सल) तथा मौसम अनुकूलको लुगा र दैनिक उपयोगका सामानहरू ल्याउन नभूल्नु होला ।

४. शिविर सञ्चालन पूज्य गुरुजीद्वारा मनोनीत सहायक आचार्यबाट हुनेछ ।

५. **एक दिवसीय शिविर** : दश दिनको विपश्यना शिविरमा बसिसकेका पूराना साधकहरू यस शिविरमा बस्न सक्नेछन्। यो शिविर अंग्रेजी महिनाको अन्तिम शनिवार सञ्चालन हुनेछ । शिविरमा बस्नको लागि आफ्नो स्थान सुरक्षित गर्नु पर्नेछ। यस्को लागि ज्योति भवनमा सम्पर्क गर्नुहोला ।

६. **२० दिवसीय दीर्घ शिविर** : यस शिविरमा सम्मिलित हुनको लागि पाँचवटा दश दिवसीय शिविर तथा एउटा सतिपट्ठान शिविरमा बसेको हुनुपर्छ । यस साधना विधि प्रति पूर्णतया समर्पित हुनुपर्छ । सहायक आचार्य द्वारा सिफारिस गरेको हुनुपर्छ ।



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| मई १-१२ (वैशाख १८-२९) | - | १० दिवसीय |
| मई १४-२५ (वैशाख ३१-जेष्ठ ११) | - | १० दिवसीय |
| जून १-१२ (जेष्ठ १८-२९) | - | १० दिवसीय |
| जून ४-२५ (जेष्ठ २१-११ असार) | - | २० दिवसीय (पूराना गम्भीर साधक मात्र) |
| जून १४-२५ (जेष्ठ ३१-११ असार) | - | १० दिवसीय |
| जुलाई १-१२ (असार १७-२८) | - | १० दिवसीय |
| जुलाई १४-२५ (असार ३०-१० श्रावण) | - | १० दिवसीय |

### धम्म जननीको सूचना

लुम्बिनी विपश्यना केन्द्र "धम्म जननी" मा प्रत्येक अंग्रेजी महिनाको १५ देखि २६ तारिकसम्म दश दिवसीय विपश्यना शिविर सञ्चालन गरिने भएको छ । करिब ४० जना साधक-साधिकाहरूका लागि आवश्यक धम्महल, निवास तथा ट्वाइलेट आदिको निर्माण कार्य पूरा भइसकेको छ । शिविरमा सहभागी हुन इच्छुक व्यक्तिहरूले निम्न स्थानमा सम्पर्क राख्नुहोला ।

१) लुम्बिनी विपश्यना केन्द्र, धम्म जननी
०७१-८०२८२

२) गोपाल बहादुर पोखरेल, बुटवल
०७१-४१५४९

## धर्म गाथा

### हिन्दी

आओ लोगों विश्व के, धारें धर्म महान ।
शील समाधि निधान हों, होवें प्रज्ञावान ॥

आओ मानव मानवी, चलें धर्म के पंथ ।
इस पथ चलते सत्पुरुष, इस पथ चलते संत ॥

धर्म-पंथ ही शान्ति-पथ, धर्म-पंथ सुख-पंथ ।
जिसने पाया धर्म-पथ, मंगल मिला अनंत ॥

पंथ दिखाया बुद्ध ने, चलना अपना काम ।
चलते चलते आप ही, मिटते दु:ख तमाम ॥

धन्य धरम ऐसा मिला, मिली रतन की खान ।
दुख दारिद्र सब मिट गये, तब मन पुलकित प्राण ॥

कुशल कर्म संचित करें, करें न पाप लवलेश ।
मन निर्मल करते रहें, यही धरम उपदेश ॥

मंगल कामना सहित
**भाजुरत्न फर्मा**
विरगञ्ज

### हिन्दी

भिन्न मतों की मान्यता, दर्शन के सिद्धांत ।
धर्म छुटा उलझन बढी, सभी हो गये भ्रांत ॥

करे दार्शनिक कल्पना, करे वितर्क विचार ।
यह सम्यक दर्शन नहीं, यह न साक्षात्कार ॥

मोहक लगे मरीचिका, लगे कल्पना कांत ।
सम्यक दर्शन ज्ञान से, रहे विमुख विभ्रांत ॥

कर ली झूठी कल्पना, माया से भरपूर ।
मिथ्या दर्शन ही मिला, सम्यक दर्शन दूर ॥

दर्शन मिथ्या ही रहा, हुआ न साक्षात्कार ।
कोरे चिंतन मनन का, चढा, शीश पर भार ॥

दर्शन मत में उलझ कर, हुआ मनुज उदभ्रांत ।
धर्म न धारण कर सका, कैसे होवे शांत ॥

मंगल कामना सहित
**भाजुरत्न फर्मा**
विरगञ्ज

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५, ३७१००७ *फाल्गुण २०५८*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९०, २-२३९६८, २-४८९४९, २-५०५८१
*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४३४ ८५०, ४३४ ७५३; शाखा कार्यालय फोन : २५ ९० ३२, २५९४५०, फ्याक्स : (+९७७-१) २५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

साधकको नाम : ..................................................

ठेगाना : ..................................................

..................................................

..................................................

● आजीवन शुल्क रू. ४००/-
● वार्षिक शुल्क रू. २५/-



Downloaded from http://www.dhamma.digital